# गंगाजमुना राजपत्र

**गंगाजमुना गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः २) धादिङ, मंसिर १ गते, २०७६ साल (संख्याः ४**

# भाग - २

## गंगाजमुना गाउँपालिका

फुलखर्क, धादिङ, प्रदेश नं. ३, नेपाल

गंगाजमुना गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) अनुसार सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**भौतिक पूर्वाधार मर्मत संभार कोष संचालन निर्देशिका, २०७६**

**प्रस्तावना:**

गंगाजमुना गाउंपालिकाद्धारा संचालन गरिएका विभिन्न भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यहरूलाई नियमित मर्मत संभार तथा व्यवस्थापन गरी दिगो पूर्वाधार विकास कार्यक्रमहरू संचालन गर्नुपर्ने भएको हुंदा जनसहभागितामूलक भौतिक पूर्वाधार विकासका

कार्यहरूमा उपभोक्ताहरूको नियमित सहभागिताद्धारा भौतिक पूर्वाधार विकासमा स्थानीय बासिन्दाहरूको स्वामित्व ग्रहण गर्ने वातावरण बनाइ भौतिक पूर्वाधार विकास कार्यक्रमलाई अफ बढी गुणस्तरीय, मितव्ययी, पारदर्शी, र दिगो रूपमा संचालन तथा व्यवस्थापन गर्न बाञ्छनीय भएकोले,

स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नाम भौतिक पूर्वाधार मर्मत संभार कोष संचालन निर्देशिका, २०७६ रहेको छ ।

(ख) यो निर्देशिका कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “मर्मत” संभार भन्नाले गंगाजमुना गाउंपालिकाले संचालन गरेका सबै खालका योजनाहरूको नियमित मर्मत संभार, स्तरोन्नती गर्ने कार्यलाई सम्झनु पर्छ।

(ख) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ग) “शाखा” भन्नाले गंगाजमुना गाउंपालिकाको भौतिक पूर्वाधार विकास तथा निर्माण शाखालाई सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले यस निर्देशिकाको दफा ३ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले परियोजनबाट प्रत्यक्ष लाभान्वित जनसहभागितामूलक पूर्वाधार विकासका लागि गाउंपालिकामा दर्ता भएको समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## भौतिक पूर्वाधार मर्मत संभार कोष संचालन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. **समिति गठन:**

भौतिक पूर्वाधार विकास कार्यक्रमलाई गुणस्तरीय, मितव्ययी, पारदर्शी, व्यवस्थित र दिगो रूपमा संचालन गर्नका लागि देहाय बमोजिमका पदाधिकारी रहने गरी एक समिति गठन गरिनेछ।

| | | |
|---|---|---|
| (क) | भौतिक पूर्वाधार विकास समिति | संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) | आर्थिक प्रशासन शाखा | सदस्य |
| (घ) | भौतिक पूर्वाधार विकास तथा निर्माण शाखा | सदस्य |
| (ङ) | योजना तथा अनुगमन शाखा | सदस्य सचिव |

४. **समितिको काम, कर्तव्य र अधिकार:**

(क) गंगाजमुना गाउंपालिका क्षेत्रभित्र रहेका भौतिक पूर्वाधारहरूको इनभेन्ट्री तयार गर्ने, गर्न लगाउने ।

(ख) तयार गरिएको इनभेन्ट्री अनुसार नियमित कार्यतालिका निर्माण गरी Pre monsoon/Post monson मा गर्नु पर्ने नियमित मर्मत संभार र स्तरोन्नतीको कार्यहरू गर्ने ।

(ग) गाउंपालिका क्षेत्रभित्रका सडक, ढल, फुटपाथ, सार्वजनिक स्थल आदिको अवस्था अध्ययन गरी म्यापि गर्ने ।

(घ) सडक, ढल, पुरातात्विक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रहरूको नियमित मर्मत संभार, स्तरोन्तीको सम्बन्धी व्यवस्थापकीय कार्यहरू गर्ने ।

(ङ) तत्काल गर्नुपर्ने मर्मत संभार कार्यको लागि रू १५ लाखसम्मको योजना तथा लागत इष्टिमेट स्वीकृत गर्न सिफारिस गर्ने ।

(च) मर्मत संभारको लागि आवश्यक स्रोत र साधनको व्यवस्थापन मिलाउने।

(छ) गाउंपालिका क्षेत्रभित्रका भौतिक पूर्वाधार विकासको नियमित मर्मत संभार, स्तरोन्तीको कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित सरकारी तथा गैर सरकारी निकायहरूसंग समन्वय गरी कार्य गर्ने ।

(ज) मर्मत संभार कार्यहरूको नियमित अनुगमन, मुल्यांकन गरी नियमित रूपमा प्रतिवेदनहरू पेश गर्नुका साथै भएका खर्चहरूको फरफारक गर्ने व्यवस्था मिलाउने ।

५. **मर्मत संभार कोष सम्बन्धी व्यवस्था:**

(क) ईन्द्रावती गाउंपालिकाद्धारा गरिने मर्मत संभार एवं स्तरोन्ती सम्बन्धी कार्यहरूका लागि खर्च गर्न एक छुट्टै कोष स्थापना गरिनेछ ।

(ख) उक्त कोष संचालन गाउंपालिकाको प्रम्ख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन हेर्ने अधिकृत कर्मचारीको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(ग) कोषको संचालन तथा अन्य व्यवस्थापकीय कार्यहरू स्थानीय तहको प्रचलित कानून बमोजिम हुनेछ ।

(घ) स्वीकृत वजेटको परिधिभित्र रहेर स्वीकृत कार्यक्रम अनुसार मात्र खर्च गर्न पाउनेछ ।

६. **कोषमा प्राप्त हुने रकमः**

(क) गंगाजमुना गाउंपालिकाले मर्मत संभारका लागि वार्षिक रूपमा छुट्याएको रकम ।

(ख) नेपाल सरकार सडक वोर्डबाट वार्षिक रूपमा मर्मत संभारको लागि प्राप्त हुने रकम ।

(ग) गाउंपालिका क्षेत्रभित्रका भौतिक पूर्वाधार मर्मत, संभार तथा स्तरोन्नतीको लागि सरकारी तथा गैर सरकारी निकायबाट प्राप्त अनुदान तथा सहयोग रकम ।

(घ) जनसहभागितामूलक माध्यमबाट सम्पन्न भएका योजनाहरूको नियमित मर्मत, संभारका लागि पनि प्रत्यक्ष लाभान्वित उपभोक्ता समूहबाट जम्मा भएको रकम ।

(ङ) गाउंपालिकाको मेशिन (Back Hoe Loader) उपभोक्ता समिति वा संघसंस्था वा व्यक्तिले प्रयोग गरे वापत प्राप्त हुने शुल्क रकम ।

७. **योजना छनौट तथा कार्यान्वयन प्रकृयाः**

(क) भौतिक पूर्वाधार विकास तथा निर्माण शाखाले तत्काल मर्मत संभार गर्नुपर्ने भनी स्थलगत रूपमा स्थानीय जनताको माग तथा सो लाई पुष्टि हुने प्राविधिक प्रतिवेदन प्राप्त भएका मर्मत संभार सम्बन्धी कार्यहरू छनौट गरी कार्यादेश भएको मितिले १ महिना भित्रमा मर्मत संभार गरिसक्नु पर्नेछ ।

(ख) गाउंपालिकाको लागत सहभागितामा सम्पन्न तथा उपभोक्ता मार्फत भएका भौतिक पूर्वाधार कार्यहरूको उपभोक्ता समितिले मर्मत संभारका लागि कूल लागतको ३० प्रतिशत बराबरको श्रमदान गरेमा वा रकम जम्मा गरेमा उक्त कार्य प्राथमिकतामा राखी गर्ने ।

(ग) गाउंपालिकाको मुख्य तथा अति आवश्यक सडकको मर्मत संभार तत्काल गरी संचालनमा ल्याउनु पर्ने भएमा त्यस्ता सडकलाई प्राथमिकता दिने ।

८. **मर्मत संभार सम्बन्धी संस्थागत व्यवस्थाः**

(क) गंगाजमुना गाउंपालिका क्षेत्रभित्र मर्मत संभार तथा स्तरोन्नती गर्नु पर्ने सडक लगायत भौतिक पूर्वाधारहरूको नियमित मर्मत संभार सम्बन्धी व्यवस्थापकीय कार्यहरू गर्न देहाय अनुसारको संस्थागत विकास गरिएको छ ।



९. **कारवाही गरिने:**

(क) यस निर्देशिका स्वीकृत भई लागु भएपछि गाउंपालिका क्षेत्रभित्र सम्बन्धित अधिकार प्राप्त अधिकारीले नियमित मर्मत संभार नगरेका कारण सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुन गएको पाइएमा त्यस्ता अधिकारीलाई अध्यक्षले कारवाही गर्न सक्नेछ ।

(ख) तर श्रोत साधनको व्यवस्थापन तथा मेशिन उपकरणहरूको उपलब्धता जस्ता विषयका कारण समयमै मर्मत संभार हुन नसकेको कुरा पुष्टि भएमा प्रकरण (क) अनुसारको कारवाहीमा पुन:विचार गर्न सक्नेछ ।

१०. **विविध:**

यस निर्देशिका कार्यान्वयनको क्रममा कुनै वाधा अड्चन आएमा विद्यान समितिको परामर्श तथा सिफारिसमा कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

प्रमाणीकरण मितिः २०७६/०८/०१

आज्ञाले,

विनोद रोका

प्रमुख प्रशासकीय अधिकृत